# प्रदेश लोक सेवा आयोग

**बागमती प्रदेश**

**हेटौंडा, मकवानपुर**

**सूचना नं. १०३/०७८-७९**

**मितिः २०७८/१०/१८**

**<u>छैटौं तहको अन्तिम चरणको परीक्षा सम्बन्धी सूचना</u>**

प्रशासन सेवा, सामान्य प्रशासन/लेखा/लेखापरीक्षण समूहको लागि आ.व. ०७७/७८ मा आयोगबाट लिइएको प्रथम चरणको प्रथम पत्रको परीक्षा सम्बन्धमा आयोगबाट मिति २०७८/१०/१८ मा तपसिल बमोजिम निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

१. आ.व. ०७७/७८ को प्रथम चरणको लिखित परीक्षामा सफल हुने उम्मेदवारहरूले यस आ.व. ०७८/७९ को दोस्रो चरणको परीक्षामा सहभागी हुन पाउने।

२. आ.व. ०७७/७८ को प्रथम चरणको परीक्षामा सफल भएका उम्मेदवारहरूले यस आ.व.को प्रथम चरणको परीक्षामा सहभागिता जनाउनु पर्ने छैन।

३. यस आ.व. को प्रथम चरणको परीक्षामा पुनः सहभागी हुन चाहेमा, इच्छुक उम्मेदवारहरूले इमेल मार्फत छुट्टै निवेदन आयोगमा पेश गरी परीक्षामा सहभागी हुन सक्ने।

४. आ.व ०७७/७८ को प्रथम चरणमा सफल भएका उम्मेदवारहरूले निवेदन गरी आ.व. ०७८/७९ को प्रथम चरणको परीक्षामा सहभागी भएमा त्यस्ता उम्मेदवारहरूको गत आ.व.को परीक्षा स्वतः खारेज हुनेछ।

५. आ.व. ०७७/७८ को प्रथम चरणमा सफल भएका उम्मेदवारहरूले यस आ.व को दोश्रो चरणको परीक्षामा सहभागी हुन अनलाइन मार्फत आवेदन भरी, दस्तुर बुझाई, प्रवेश पत्र लिनु पर्ने र प्रथम चरणमा सहभागी नभई द्वितीय चरणको परीक्षामा मात्र सहभागिता जनाउनु पर्नेछ।

६. आ.व. ०७८/७९ पश्चात प्रथम चरणको परीक्षामा सफल भएका उम्मेदवारहरूले दोस्रो चरणको एक पटकको परीक्षामा मात्र सहभागी हुन पाउने।